# विद्यालय शान्तिक्षेत्रका लागि नागरिक समाजको अपील तथा सरोकारवालाहरुद्धारा प्रतिबद्धता

आसन्न संघीय तथा प्रान्तिय निर्वाचनमा विद्यालय शान्ति क्षेत्रको भावनालाई पालना गर्न र गराउनका निमित्त शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) लगायत शिक्षा र बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न नागरिक समाजका सञ्जालहरुले विभिन्न सरोकारवाला निकायहरुलाई नागरिक अपिल बुझाई सो मा उनीहरुको प्रतिवद्धता समेत लिने कार्य सम्पन्न गरेको छ। यसरी बुझाएका सरोकारवाला निकायहरुमा राष्ट्रिय निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रिय वाल कल्याण समिति, शिक्षा मन्त्रालय तथा शिक्षा विभाग रहेका छन्। यसका साथै नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी, संघीय समाजवादी फोरम, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी लगायतका विभिन्न राजनीतिक दलहरुलाई पनि विद्यालय शान्ति क्षेत्रमा नागरिक अपिल बुझाई निर्वाचन लगायत कुनै पनि राजनीतिक कार्यमा विद्यालयलाई प्रयोग नगर्न र नगराउन प्रतिवद्धता लिएको छ।

यसका साथै एनसिई नेपालका जिल्ला स्थित जिल्ला समन्वय समिति झापा, महोत्तरी, सुर्खेत, पर्वत, स्याङ्जा, कालिकोट तथा पाल्पाले पनि विद्यालय शान्ति क्षेत्र अभियानलाई जिल्ला स्तरमा सम्पन्न गरेका छन्। , सो समन्वय समितिहरुले जिल्ला स्तरमा जिल्ला शिक्षा अधिकारी, जिल्ला निर्वाचन अधिकृत, राजनीतिक दल तथा अन्य विभिन्न सरोकारवाला निकायहरुलाई समेत नागरिक अपिल बुझाई आसन्न निर्वाचनमा कुनै पनि बहानामा बालबालिका, विद्यार्थी, विद्यालय र शिक्षकलाई राजनैतिक दलका राजनैतिक गतिविधिहरुमा सहभागी नगराउने प्रतिवद्धता लिएका छन्।

## केन्द्रिय स्तरका अपील एवं प्रतिवद्धताका केहि झलकहरु






राष्ट्रिय मानव अधिकार आयोग, नेपाल
National Human Rights Commission, Nepal








प्रतिवद्धता



## जिल्ला स्तरका अपील एवं प्रतिवद्धताका केहि झलकहरु















